**मिति २०८०।०७।२५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को पाँचौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि,२०८० लाई बैठकमा पेश गरियो र थप अध्ययन गरी राय एवं सल्लाह, सुझाव सहित आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिका वडा नं. ८ स्थित जयश्री खोलामा रहेको अधुरो पुल निर्माण कार्यका लागि आ.व. २०८०/०८१ मा विनियोजन भएको बजेटमा अपुग हुने बजेट आगामी हिँउदे नगर सभाबाट थप हुने बजेटको स्रोत सुनिश्चित्तता हुने गरी हाललाई कार्यालयको तर्फबाट उक्त पुल निर्माणका लागि टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका वडा नं. १५ को वडा कार्यालय भवन निर्माणका सन्दर्भमा तहाँ रहेको जग्गा सिसवार ८/क कि.नं. ४२० को सार्वजनिक पर्ति जग्गा र सो जग्गासंग जोडिएको रुक्मणी पौडेलका नाममा दर्ता कायम रहेको सिसवार ८/क कि.नं. ४४८ क्षेत्रफल ०-४-१६ को उत्तर तर्फबाट पश्चिम तर्फको मोहडा ९.७५ मिटर कायम हुने गरी ०-०-१५ जग्गा निःशुल्क प्राप्त गर्नका लागि प्रक्रिया अगाडी बढेको तर जग्गा धनी रुक्मणी पौडेलको मृत्यु भै सकेको र रुक्मणी पौडेलको हकवाला दुई छोराहरु विजय र अभिमन्यु पौडेल हाल बैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेकोले हकवाला छोराहरुको नाममा नामसारी भए पश्चात निजहरुको गैंडाकोट नगरपालिकाका नाममा०-०-१५ जग्गा रजिष्ट्रेशन पारित गरीदिने भन्ने व्यहोराको संयुक्त लिखित मञ्जुरीनामा समेत प्राप्त भै सकेको हुँदा वडा नं. १५ को कार्यालय भवन निर्माण कार्य प्रक्रिया अगाडी बढाउने गरी वडा नं. १५ का वडा अध्यक्षसंग भएको सम्झौतालाई समर्थन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** मिति २०८० कार्तिक १७ गते शुक्रबारका दिन राती ११.४७ बजेको समयमा जाजरकोट जिल्लाको रामी डाँडा केन्द्र विन्दु भएर गएको ६.४ रेक्टर स्केलको भुकम्पका कारण जाजरकोट र रुकुम पश्चिम जिल्लाका विभिन्न स्थानमा ठुलो संख्यामा भएको जनधनको क्षतिलाई मध्यनगर गर्दे तत्कालको लागि राहत स्वरुप गैंडाकोट नगरपालिकाको तर्फबाट भुकम्पबाट क्षति भएको स्थान जाजरकोटको नलगाड नगरपालिकासम्म गई रु. ४ लाख बराबराको राहत सामाग्री वितरण गर्ने र सोको लागि यस नगरपालिकाको तर्फबाट नगर प्रमुखज्यूको नेतृत्वमा एक टोली गई राहत सामाग्री वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका वडा नं. १० महादेवथान पितौजीघाट देखी भरतपुर महानगरपालिका वडा नं. १६ गणेश तिर्थस्थल कोलघाट जोड्ने करीब ११०० मिटर लामो झोलुंगे पुलको निर्माणका लागि योजना माग गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. ९ को थुम्सी ईलाकाका विपन्न घरपरिवारका बालवालिका विद्यालय आउने जाने कार्य गर्न वडामा विद्यालय नभएको कारणबाट दैनिक पूर्व पश्चिम राजमार्गमा पैदल हिड्नुपर्ने कारणबाट जोखिम भएको र उक्त बालबालिकाहरुले अध्ययन गर्ने नजिकमा पर्ने वडा नं. ७ मा रहेको नारायणी माध्यमिक विद्यालयको आफ्नै स्कूल बस नभएको कारणबाट उक्त बालबालिकाहरुले पठनपाठनमा समस्या भएको भनी वडा नं. ९ बाट सो समस्या सामाधानका लागि अनुरोध भई आएकोमा उक्त समस्या सामाधानका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसंग छलफल तथा अध्ययन गरी राय सहित १५ दिन भित्र प्रतिवेदन दिने प्रयोजनका लागि शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

फणिन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ७** गैंडाकोट ईलाका प्रहरी कार्यालयले माग गरेको सवारी साधन मर्मत खर्च वापतको बिलभर्पाई अनुसारको खर्च रु. १ लाख ५० हजार नगरपालिकाको आन्तरीक स्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय न. ८** गैंडाकोट नगरपालिका वडा नं. १५ को मिति २०८०।०७।२१ को निर्णयानुसार सिफारिस भई आए बमोजिम १६ नं. देखि बुलिङ जाने बाटो निर्माण (खर्च शिर्षक नं. ३११५१) को योजनाका लागि विनियोजन भएको रु ५ लाख रकमबाट सोही वडाको बुद्धचोक मिलन घर निर्माण गर्ने शिर्षकमा योजना रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७३

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख